apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

अपन दैनिक

Apan Dainik National Newspaper

राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

सूचना

छठ पर्वको पावन अवसरमा आफ्नो फोटोसहितको शुभकामना विज्ञापन पत्रिकामा प्रकाशन गर्न इच्छुक महानुभाव, जनप्रतिनिधि, संघ-संस्था, राजनीतिक दल, व्यवसायी तथा सम्पूर्ण शुभेच्छुकहरूलाई समयमै सम्पर्क गर्न हार्दिक अनुरोध गरिन्छ।

आफ्नो शुभकामना सन्देश तथा फोटोसहितको विज्ञापन प्रकाशन गराउनका लागि आजै सम्पर्क गर्नुहोला।

सम्पर्क नम्बर

०३३-५२१२१४, ९८५४०२१७३९, ९८५२८२१२१४

● वर्ष: १२ ● अंक: २९९ ● पृष्ठ: ४ ● २७ कार्तिक २०८३ शुक्रबार (13 November 2026. Friday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/

मिथिला क्षेत्रमा छठ पर्व सुरू, घाटहरू सिँगारिँदै

नहाय-खाय विधिसँगै चारदिने पर्व आरम्भ, गाउँबस्तीमा छठी गीत गुञ्जिन थाले

अपन दैनिक संवाददाता
सिरहा, कार्तिक २६ गते



मिथिला क्षेत्रमा श्रद्धा, निष्ठा र भक्तिपूर्वक मनाइने सूर्य उपासनाको महापर्व छठ आजदेखि सुरु भएको छ। कात्तिक शुक्ल चौथीदेखि सप्तमीसम्म चार दिन विभिन्न धार्मिक विधि र परम्पराअनुसार मनाइने पर्वको सुरुवात पहिलो दिनको 'नहाय-खाय' विधिबाट भएको हो।

छठ पर्व सुरु भएसँगै सिरहासहित मिथिला क्षेत्रका गाउँबस्तीमा छठी गीत गुञ्जिन थालेका छन् भने नदी, पोखरी, तलाउ तथा अन्य जलाशयका घाटहरू सजाउने र घरघरमा पूजाको तयारी गर्ने क्रम बढेको छ।

सूर्यदेव र छठी माताको उपासना गरिने यस पर्वको पहिलो दिन कार्तिक शुक्ल चौथीका दिन व्रतालुले पवित्र स्नान गरी चोखोनितो भोजन गर्छन्। व्रतको सङ्कल्पसहित गरिने यस विधिलाई 'नहाय-खाय' भनिन्छ।

पर्वको दोस्रो दिन पञ्चमी तिथिमा व्रतालुले दिनभरि निराहार व्रत बसेर साँझ सखरमा पकाइएको खीरसहितका प्रसाद ग्रहण गरी 'खरना' विधि सम्पन्न गर्छन्। खरना सम्पन्न गरेपछि व्रतालुले मुख्य अर्घ्य नदिएसम्म निर्जला व्रत बस्ने परम्परा छ।

छठ पर्वको मुख्य दिन षष्ठी तिथिमा व्रतालुले दिनभरि निराहार व्रत बसेर साँझ अस्ताउँदो सूर्यलाई जलाशयमा उभिएर अर्घ्य अर्पण गर्छन्। मिथिला क्षेत्रमा यस विधिलाई 'साँझका अरख' भनिन्छ। यसका लागि व्रतालु तथा श्रद्धालुहरू पूजासामग्रीसहित नदी, पोखरी र तलाउका घाटमा पुग्ने गर्छन्।

षष्ठीको राति पूजास्थल तथा घाटमा जागाम बसेर सप्तमीका दिन बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिइन्छ। अघिल्लो साँझ अस्ताउँदो सूर्यलाई अर्घ्य दिँदा प्रयोग गरिएका पूजासामग्रीसहित पुनः उदाउँदो सूर्यलाई अर्घ्य अर्पण गरेपछि छठ पर्वको समापन हुन्छ। यस विधिलाई 'भोरका अरख' भनिन्छ। त्यसपछि व्रतालुले प्रसाद ग्रहण गरी व्रत सम्पन्न गर्छन्।

छठका लागि पूजा सामग्री

बाँकी पृष्ठ ३ ▸▸

मधेश प्रदेशसभाको बैठक शनिबार, मुख्यमन्त्रीलाई विश्वासको मत अनिश्चित



अपन दैनिक संवाददाता
सिरहा, कार्तिक २६ गते

मधेश प्रदेशसभाको बैठक शनिबारका लागि आह्वान गरिएको छ। मुख्यमन्त्री कृष्णप्रसाद यादवले प्रदेशसभाबाट विश्वासको मत लिने प्रयोजनका लागि शनिबार दिउँसो १ बजेका लागि बैठक आह्वान गरिएको प्रदेशसभा सचिवालयले जनाएको छ।

मधेश प्रदेश सरकारमा सहभागी एमाले र नेकपाले समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री यादवले विश्वासको मत लिन लागेका हुन्। यादव कांग्रेसबाट निर्वाचित मुख्यमन्त्री हुन्। सभामुख रामआशिष यादवका अनुसार प्रदेशसभा बैठक सञ्चालनका लागि शुक्रबार दिउँसो कार्य व्यवस्था परामर्श समितिको बैठक बस्नेछ र त्यही बैठकले कार्यसूची निर्धारण गर्नेछ।

प्रदेशसभाबाट यही शनिबार दिउँसो १ बजे विश्वासको मत लिनका लागि मुख्यमन्त्री यादवले बुधबार प्रदेशसभा सचिवालयलाई पत्राचार गरेका थिए। विश्वासको मतका लागि विभिन्न राजनीतिक दलसँग संवाद जारी रहेको र अन्तिम समयसम्म संवाद चल्ने मुख्यमन्त्री यादवले बताए।

कांग्रेस नेतृत्वको सरकारमा सहभागी

बाँकी पृष्ठ ४ ▸▸

गरिब परिवारका छठ व्रतालुलाई सारी वितरण



अपन दैनिक संवाददाता
सिरहा, कार्तिक २६ गते

लहान नगरपालिकाले गरिब परिवारका छठ व्रतालुहरूलाई सारी वितरण गरेको छ। नगरप्रमुख महेशप्रसाद चौधरीले बिहीबार लहान वडा नं १४ बस्तीपुर, वडा नं २४ माणिकदह झुट्की र मलहन्मास्थित मुसहर बस्तीका ८० जना छठ पर्वका व्रतालु महिलाहरूलाई सारी वितरण गरेका हुन्।

स्थानीयको मागको आधारमा लहानस्थित दुर्गा मन्दिरमा भक्तजनले चढाएका सारीहरू समितिमार्फत प्राप्त गरी बिपन्न बस्तीका छठ पर्वका व्रतालु महिलाहरूलाई बाँडिएको उनले बताए। नगरपालिकाबाट थप सारी वितरण गरिने उनले बताए।

'आर्थिक रूपले सबल भएकाहरूले आफ्ना घरका छठ व्रतालुलाई नयाँ वस्त्र किनिदिन कुनै समस्या नहोला' उनले भने 'तर मजदुरी गरेर खाने परिवारका महिलाहरूलाई पूजाका लागि नयाँ वस्त्र किनिदिन समस्या हुने भएकाले नगरपालिकाको पहलमा एक-एक थान सारी वितरण गरिएको हो।'

आफ्ना सन्तानको दीर्घायु, सुस्वास्थ्यका लागि मनाइने छठ पर्वमा व्रतालुहरूले नयाँ वस्त्रसहित पूजा

बाँकी पृष्ठ २ ▸▸

छठ पर्वलाई लक्षित गर्दै धनुषामा सुरक्षा कडा

भीआईपीको आगमनले सर्वसाधारणको पूजामा असर नपर्ने

अपन दैनिक संवाददाता
जनकपुरधाम, कार्तिक २६ गते



दीपावली तथा तिहार पर्व सकिएसँगै मिथिलाञ्चलसहित देशभर छठ पर्वको तयारी तीव्र पारिएको छ। छठ पर्वलाई शान्तिपूर्ण र व्यवस्थित रूपमा सम्पन्न गर्न जिल्ला सुरक्षा समिति धनुषाले जिल्लाभर सुरक्षा व्यवस्था कडा बनाएको छ।

बिहीबार जनकपुरधाममा धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले छठ पर्वका अवसरमा नदी, पोखरी तथा घाटहरूमा शान्ति सुरक्षा कायम गर्न नेपाल प्रहरी र सशस्त्र प्रहरी बललाई संयुक्त रूपमा परिचालन गरिएको जानकारी दिए। उनका अनुसार जनकपुरधामका विभिन्न पोखरी, नदी किनार तथा छठ घाटमा सरसफाइ र व्यवस्थापनका काम भइरहेका छन्।

सुरक्षा समितिले एकीकृत जिल्ला सुरक्षा योजनाअन्तर्गत सुरक्षा व्यवस्था मिलाएको छ। छठ पूजा समितिहरूसँग पनि निरन्तर समन्वय र छलफल भइरहेको उनले बताए। प्रमुख जिल्ला अधिकारी लुइँटेलले धार्मिक सहिष्णुता, सद्भाव, सामाजिक एकता र भाइचारालाई कायम राख्दै छठ पर्व शान्तिपूर्ण रूपमा मनाउन सबै धर्मावलम्बी तथा श्रद्धालु भक्तजनलाई आग्रह गरे।

यसैबीच, जनकपुरधाममा छठ पूजामा विशिष्ट तथा अति विशिष्ट व्यक्तित्वहरूको सहभागिता हुनसक्ने सूचनालाई मध्यनजर गर्दै जिल्ला सुरक्षा समितिले छुट्टै सुरक्षा व्यवस्थापनको तयारी गरेको छ। उनका अनुसार विभिन्न राजनीतिक दल तथा सञ्चारमाध्यमबाट विशिष्ट व्यक्तित्वहरूको आगमनबारे जानकारी प्राप्त भएको छ। उनीहरूको आगमनको मिति र सहभागी हुने व्यक्तिहरू निश्चित भएपछि थप सुरक्षा तथा व्यवस्थापकीय प्रबन्ध मिलाइनेछ।

उनले भने, 'दीपावली तथा तिहारलगत्तै मनाइने मिथिलाञ्चलसहित नेपालकै महत्वपूर्ण पर्व छठको तयारी

बाँकी पृष्ठ ४ ▸▸

खोलामा खाल्डो खनेर लुकाइएको २३१ किलोभन्दा बढी गाँजा बरामद



अपन दैनिक संवाददाता
सिरहा, कार्तिक २६ गते

सिरहा र सप्तरी जिल्लाको सिमानामा पर्ने बलान खोलाको बीचमा खाल्डो खनेर लुकाइएको २३१ किलो ८०० ग्राम गाँजाजस्तो देखिने पदार्थ प्रहरीले बरामद गरेको छ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार बुधबार राति करिब १ बजे विशेष सूचनाका आधारमा खटिएको संयुक्त प्रहरी टोलीले सप्तरीको बलान बिहुल गाउँपालिका-४ स्थित बलान खोलामा खानतलासी गर्दा उक्त पदार्थ फेला पारेको हो।

इलाका प्रहरी कार्यालय लहान र प्रहरी चौकी ठाडी सिरहाबाट खटिएको प्रहरी टोलीले खाल्डोमा लुकाएर राखिएको अवस्थामा गाँजाजस्तो देखिने पदार्थ फेला पारेपछि प्रहरी चौकी बेल्ही

बाँकी पृष्ठ ३ ▸▸





प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

सम्पादकीय...

सामाजिक सद्भाव र आर्थिक उन्नयनको पर्व

परिवारको सुख, शान्ति, समृद्धि र कल्याणको कामनासहित मनाइने आस्थाको महापर्व छठ आजदेखि विधिवत् रूपमा सुरु भएको छ । चार दिनसम्म श्रद्धा, निष्ठा र पवित्रताका साथ मनाइने यस पर्वको पहिलो दिन आज 'नहाय-खाय' हो । सूर्यदेव र छठी माताको आराधना गर्दै मनाइने छठ पर्व धार्मिक आस्थाको प्रतीक मात्र नभई प्रकृति संरक्षण, सामाजिक एकता, सहअस्तित्व र आर्थिक जीवनसँग जोडिएको विशिष्ट सांस्कृतिक पर्व पनि हो । छठ पर्वको सबैभन्दा सुन्दर पक्ष प्रकृतिप्रतिको सम्मान हो । सूर्य, जल र पृथ्वीलाई जीवनको आधार मानेर गरिने पूजा प्रकृतिसँग मानव जीवनको सम्बन्धलाई आत्मसात् गर्ने अनुपम परम्परा हो । नदी, तलाउ, पोखरी तथा जलाशयमा सामूहिक रूपमा भेला भएर अस्ताउँदो र उदाउँदो सूर्यलाई अर्घ दिने परम्पराले सामूहिक र सहकार्यको सन्देश दिन्छ । यस पर्वले जलाशयको स्वच्छता, वातावरणीय संरक्षण र प्राकृतिक स्रोतको महत्वलाई समेत स्मरण गराउँछ । त्यसैले छठलाई धार्मिक अनुष्ठानमा मात्र सीमित नगरी प्रकृति संरक्षणको सामाजिक अभियानका रूपमा पनि बुझ्न आवश्यक छ ।

छठ पर्वको अर्को महत्वपूर्ण पक्ष यसको आर्थिक र सामाजिक आयाम हो । यस पर्वका लागि आवश्यक बाँसका सामग्री, माटोका भाँडाकुँडा, डाला, सुपा, दियो, फलफूल तथा पूजासामग्रीले समाजका विभिन्न पेसा र समुदायलाई आर्थिक अवसर प्रदान गर्छन् । विशेषगरी कुम्हाल समुदायले माटोका भाँडाकुँडा उत्पादन तथा बिक्रीबाट आम्दानी गर्ने अवसर पाउँछन् भने डोम समुदायले बाँसबाट निर्मित डाला, सुपा, ढकिया लगायतका सामग्री बिक्री गरी आफ्नो जीविकोपार्जन गर्छन् । त्यस्तै किसान, फलफूल व्यवसायी, व्यापारी तथा साना उद्यमीहरूको आर्थिक गतिविधि पनि यस पर्वका बेला बढ्छ । यस अर्थमा छठ धार्मिक आस्थासँगै स्थानीय उत्पादन, श्रम, सीप र रोजगारीलाई प्रोत्साहन गर्ने महत्वपूर्ण पर्व हो । छठ पर्वमा अत्यन्त महत्वपूर्ण भूमिका निर्वाह गर्ने कुम्हाल, डोमलगायतका समुदायले दैनिक जीवनमा अझै पनि सामाजिक विभेद र उपेक्षा भोग्नुपर्ने अवस्था छ । उनीहरूले उत्पादन गरेका सामग्रीबिना छठको परम्परागत स्वरूप पूर्ण हुन सक्दैन् । तर पर्वका बेला उनीहरूको श्रम र सीपको सम्मान गर्ने समाजले अन्य समयमा भने उनीहरूलाई समान व्यवहार गर्न सकेको छ कि छैन् भन्ने प्रश्न महत्वपूर्ण छ । छठले दिने समानता र सहअस्तित्वको सन्देशलाई व्यवहारमा उतार्नु पर्छ ।

छठ पर्वमा जात, वर्ग, भाषा र समुदायभन्दा माथि उठेर सबैले एउटै जलाशयमा उपस्थित भई सामूहिक रूपमा पूजा गर्ने परम्परा छ । यहाँ धनी-गरिब, उच्च-निम्न भन्ने भेदभावभन्दा आस्था र श्रद्धाले प्राथमिकता पाउँछ । यही विशेषताले छठलाई सामाजिक सद्भाव र एकताको पर्वका रूपमा स्थापित गरेको छ । यसले समाजमा विद्यमान छुवाछुत, जातीय विभेद र सामाजिक असमानता अन्त्य गर्न महत्वपूर्ण प्रेरणा दिन सक्छ । तर यस्ता मूल्य र मान्यतालाई पर्वका चार दिनमा मात्र सीमित राख्नु हुँदैन् । वर्षभरि नै सबै समुदायको श्रम, सीप, संस्कृति र अस्तित्वको सम्मान गर्ने संस्कार विकास गर्नुपर्छ । अर्कोतर्फ, छठ पर्वलाई सभ्य, व्यवस्थित र वातावरणमैत्री बनाउन पनि उत्तिकै आवश्यक छ । नदी, तलाउ र पोखरीको सरसफाइ, प्लास्टिक तथा अन्य फोहोरको उचित व्यवस्थापन, स्वच्छ जलाशयको संरक्षण र पूजास्थलको सुरक्षामा सबैको ध्यान जानुपर्छ । स्थानीय तह, सामाजिक संघसंस्था, युवा क्लब र नागरिक समाजले यसमा प्रभावकारी भूमिका निर्वाह गर्न सक्छन् । छठ महापर्वले हामीलाई प्रकृतिको सम्मान गर्न, श्रमको कदर गर्न, स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न र सामाजिक विभेद अन्त्य गर्न प्रेरित गर्छ । कुम्हाल र डोम समुदायको सीप तथा श्रमलाई सम्मान गर्नु, उनीहरूको आर्थिक अवस्थालाई मजबुत बनाउन सहयोग गर्नु र सबैलाई समान सामाजिक हैसियत प्रदान गर्नु नै छठको वास्तविक सन्देश हो । त्यसैले यस वर्षको छठलाई धार्मिक आस्थाको निरन्तरतासँगै सामाजिक रूपान्तरणको अवसरका रूपमा लिनुपर्छ । महापर्व छठको गरिमा र महत्वलाई अझै उचाइमा पुर्याउने गरी सबैले सहकार्य गरी राख्नुपर्छ । जसले यसमा आश्रित समुदायलाई जीवन्त दिन सकिरहोस् ।

गरिब परिवारका छठ व्रतालुलाई .....

अर्चनासहित दुई दिन कठोर व्रत बसेर कार्तिक शुक्ल षष्ठीका दिन स्थानीय नदी, तलाउन पोखरीमा अस्ताउँदो सूर्यलाई अर्घ्य दिएर पुनः भोलिपल्ट उदाउँदो सूर्यलाई अर्घ्य दिएपछि छठ समापन गरिन्छ ।

नगरप्रमुख चौधरीले पछिल्ले चार वर्षदेखि निरन्तर व्यक्तिगत र संस्थागत पहलमा गरिब तथा विपन्न बस्तीहरूमा छठ पर्वका व्रतालुहरूलाई सारी वितरण गर्दै आएको बताए ।

पाँच ठाउँको जाँच पार गरेर कसरी चिसापानी पुग्यो क्षमताभन्दा बढी यात्रु बोकेको हाइस ?

मदन ठाकुर
रौतहट, कार्तिक २६ गते



छठ पर्व मनाउन घर फर्किने हतारो थियो । राजधानी काठमाडौंमा रहेका आफन्तहरू एकैसाथ सर्लाहीको सुन्दरपुर पुग्ने तयारीमा थिए । घरमा पर्वको रौनक थियो । परिवारका सदस्य भेटिने खुसी थियो । तर, त्यो खुसी मकवानपुरको भीमफेदी गाउँपालिका-६ चिसापानीमा पुग्दा कहिल्यै नमेटिने शोकमा बदलियो ।

बिहीबार बिहान भएको विद्युतीय हाइस (ईभी) दुर्घटनामा एउटै गाउँका १४ जनाले ज्यान गुमाए । छ जना घाइते भए । छठको प्रसाद र पारिवारिक मिलनको प्रतीक्षामा बसेको सर्लाहीको चक्रघट्टा गाउँपालिका-४ सुन्दरपुर गाउँ अहिले आफन्त गुमाएको पीडामा डुबेको छ ।

तर, यो दुर्घटनाले परिवार र गाउँलाई शोकमा डुबाएको मात्र छैन, नेपालको सार्वजनिक यातायात सुरक्षा प्रणाली र नियामक निकायको कार्यक्षमतालाई काननी चनौतीसहितको प्रश्न खडा गरेको छ ।

क्षमताभन्दा दोब्बर यात्रु, पाँच ठाउँमा जाँच, तर नियन्त्रण किन भएन ?

मधेश प्रदेश ०३-००१ ज ०८८० नम्बरको हाइस राजधानीको बल्खुबाट सर्लाहीका लागि छुटेको थियो । चक्रघट्टा गाउँपालिका अध्यक्ष कृष्णकुमार यादवका अनुसार हाइसमा स्वीकृत क्षमताभन्दा दोब्बर यात्रु सवार थिए । राजधानीबाट सर्लाही पुग्ने क्रममा उक्त सवारीले करिब पाँच ठाउँमा सुरक्षा जाँचसमेत पार गरेको थियो ।

तर, यति धेरै यात्रु बोकेको सवारीलाई कुनै पनि जाँचस्थलमा किन रोकिएन ? स्वीकृत सिट क्षमताभन्दा बढी यात्रु राखिएको देखिएन कि देखेर पनि बेवास्ता गरियो ? कागजात र सवारी जाँच गर्ने जिम्मेवारी पाएका निकायले यात्रुको वास्तविक संख्या किन यकिन गरेनन् ?

यी प्रश्नको जवाफ अब ट्राफिक प्रहरी र सम्बन्धित नियामक निकायले दिनुपर्छ र नियमनकै कमजोरीका कारण दुर्घटना हुने क्रम रोक्ने राज्यले कार्यान्वयन हुने प्रतिवद्धता गर्नुपर्छ ।

दुर्घटनाबारे जानकारी पाएपछि घटनास्थल पुगेका गाउँपालिका अध्यक्ष यादवले पाँच ठाउँमा सुरक्षा जाँच पार गर्दा पनि क्षमताभन्दा बढी यात्रु बोकेको सवारी नियन्त्रणमा नलिनु गम्भीर कमजोरी भएको बताएका छन् ।

'क्षमताभन्दा दोब्बर यात्रु बोकेको गाडी राजधानीबाट सर्लाही आउँदा बाटोमा करिब पाँचवटा सुरक्षा जाँच पार गरेको रहेछ । तर, यति धेरै यात्रु बोकेको सवारीसाधनबारे सुरक्षा निकाय बेखबर हुनु गम्भीर कमजोरी हो । प्रभावकारी निगरानी भएको भए यस्तो अवस्था आउन नदिन सकिन्थ्यो,' उनले भने ।

अध्यक्ष यादवको यो प्रश्न सामान्य गुनासो मात्र होइन । सार्वजनिक यातायातमा यात्रुको सुरक्षा सुनिश्चित गर्ने जिम्मेवारी पाएका निकायको जवाफदेहितासँग जोडिएको विषय हो । सवारीसाधनको कागजात जाँच गर्नु, चालकको अवस्था हेर्नु र सिट क्षमताभन्दा बढी यात्रु राख्न नदिनु ट्राफिक प्रहरीको आधारभूत जिम्मेवारीभित्र पर्छ । त्यसो भए पाँच ठाउँमा जाँच पार गर्दा पनि यात्रु क्षमता उल्लंघन भएको विषय कसरी पहिचान हुन सकेन ?

नियमनकारी निकाय कहाँ चुक्यो ?

सवारी दुर्घटनापछि चालकको लापरबाही, तीव्र गति र सडकको अवस्थालाई कारणका रूपमा प्रस्तुत गर्ने गरिन्छ । तर, भीमफेदी दुर्घटनाले दुर्घटनाअघि नै हुनुपर्ने नियमन र निगरानीको प्रभावकारितामाथि प्रश्न उठाएको छ ।

यदि सवारीमा स्वीकृत क्षमताभन्दा दोब्बर यात्रु राखिएको थियो भने त्यसको जिम्मेवारी चालकमा मात्र सीमित हुन सक्दैन । सवारीधनी, चालक, यातायात व्यवसायी, सवारी सञ्चालनको अनुमति दिने निकाय र बाटोमा निगरानी गर्ने सुरक्षा संयन्त्र सबैको भूमिका अनुसन्धानको विषय बन्नुपर्छ ।

नियमनकारी निकायको काम दुर्घटना भएपछि विवरण संकलन गर्नु वा जरिवाना असुल्नु मात्र होइन, दुर्घटनाको जोखिम पहिल्यै पहिचान गरेर रोक्नु हो । क्षमताभन्दा बढी यात्रु बोकेको सवारी सडकमा गुड्नै नदिनु नै प्रभावकारी नियमन हो ।

चाडपर्वमा यात्रुको चाप बढ्ने क्रम हरेक वर्ष पूर्वानुमान गर्न सकिन्छ । त्यसका लागि विशेष सुरक्षा योजना बनाइन्छ, जाँचस्थल राखिन्छन् र निगरानी बढाइएको दाबी गरिन्छ । तर, त्यही समयमा क्षमताभन्दा बढी यात्रु बोकेको सवारीले लामो दूरी पार गरेर दुर्घटना व्यहोर्नुपर्ने अवस्था आउनुले ती सुरक्षा योजनाको कार्यान्वयनमाथि प्रश्न उठाएको छ ।

आखिर ट्राफिक प्रहरीको चेकजाँच यात्रुको ज्यान जोगाउन केन्द्रित छ कि सवारी रोकेर कागजात जाँच गर्ने र जरिवाना असुल्ने प्रक्रियामा मात्र सीमित छ ? यो प्रश्नको जवाफ सम्बन्धित निकायले दिनैपर्छ ।

छानबिन समिति गठन हुन्छन्, प्रतिवेदन कार्यान्वयन किन हुँदैन ?

दुर्घटनापछि सरकारले छानबिन समिति गठन गरेको छ । दुर्घटनाको कारण पत्ता लगाउन र भविष्यमा यस्ता घटना दोहोरिन नदिन आवश्यक सुझाव दिन समितिहरू गठन गर्ने सरकारी अभ्यास नयाँ होइन । तर, नेपालको सडक सुरक्षा व्यवस्थामा समस्या छानबिन समिति नबन्नु मात्र होइन, समितिले दिएका सुझाव र सिफारिस कार्यान्वयन नहुनु पनि हो ।

ठूला सवारी दुर्घटना भएपछि सरकारले छानबिन समिति गठन गर्छ । समितिले दुर्घटनास्थलको निरीक्षण गर्छ, सरोकारवालासँग सोधपुछ गर्छ र प्रतिवेदन बुझाउँछ । प्रतिवेदनमा चालकको लापरबाही, सवारीको प्राविधिक अवस्था, सडकको संरचना, ट्राफिक व्यवस्थापन र नियामक निकायको कमजोरी औंल्याइन्छ । भविष्यमा दुर्घटना न्यूनीकरणका उपायसमेत सुझाइन्छन् । तर, प्रतिवेदन बुझाएपछि त्यसका सुझाव कार्यान्वयनको अवस्था के हुन्छ भन्ने विषय प्रायः ओझेलमा पर्छ ।

भीमफेदी दुर्घटनाको छानबिन पनि प्रतिवेदन तयार पारेर बुझाउने औपचारिकतामा सीमित हुनु हुँदैन । समितिले दुर्घटनाको तत्कालीन कारणसँगै त्यसअघि भएका नियामक कमजोरीसमेत केलाउनुपर्छ । राजधानीबाट सर्लाहीसम्मको यात्रामा हाइसले पार गरेका भनिएका पाँचवटा जाँचस्थलमा कुन निकायका सुरक्षाकर्मी खटिएका थिए ? ती स्थानमा के-कस्तो जाँच भयो ? यात्रुको संख्या किन अभिलेख गरिएन ? स्वीकृत सिट क्षमताभन्दा बढी यात्रु राखिएको भए त्यसलाई किन रोकिएन ? यस्ता प्रश्नको तथ्यगत जवाफ प्रतिवेदनमा समेटिनुपर्छ ।

त्यसैगरी, यसअघि गठन भएका सवारी दुर्घटना छानबिन समितिका प्रतिवेदन, तिनले दिएका सुझाव र कार्यान्वयनको अवस्थासमेत सरकारले सार्वजनिक गर्नुपर्छ । कार्यान्वयन नभएका सिफारिस किन थन्किए, जिम्मेवार निकाय कुन हुन् र कार्यान्वयनमा कसले अवरोध गऱ्यो भन्ने विषयको जवाफदेहिता पनि खोजिनुपर्छ ।

समिति गठन गर्नु सरकारको सक्रियता देखाउने माध्यम मात्र बन्नु हुँदैन । प्रतिवेदनका सुझाव कार्यान्वयन गराउने जिम्मेवारी सम्बन्धित मन्त्रालय, यातायात व्यवस्था विभाग, प्रदेशका यातायात कार्यालय, जिल्ला प्रशासन र ट्राफिक प्रहरी सबैको हो । दुर्घटनापछि दोष खोज्ने तर दुर्घटना रोक्ने सुझाव कार्यान्वयन नगर्ने प्रवृत्ति कायम रहेसम्म छानबिनको औचित्य पुष्टि हुन सक्दैन ।

टाइमकार्ड प्रणाली कहाँ हरायो ?

मकवानपुरमा सवारी दुर्घटना न्यूनीकरणका लागि विगतमा लागू गरिएको टाइमकार्ड प्रणाली अहिले प्रभावकारी रूपमा कार्यान्वयनमा छ कि छैन भन्ने प्रश्नसमेत यो दुर्घटनाले उठाएको छ ।

२०७९ सालमा सवारी दुर्घटना बढेपछि जिल्ला प्रहरी कार्यालय मकवानपुरका तत्कालीन प्रहरी उपरीक्षक (एसपी) बामदेव गौतमको नेतृत्वमा सवारीसाधनका लागि टाइमकार्ड प्रणाली लागू गरिएको थियो । त्यसबेला मादक पदार्थ सेवन (मापसे) तथा लागू पदार्थ सेवन (लापसे) विरुद्ध व्यापक जाँच अभियानसमेत सञ्चालन गरिएको थियो । नियम उल्लंघन गर्ने हजारौं सवारीसाधनलाई कारबाहीको दायरामा ल्याइएको तत्कालीन एसपी गौतम बताउँछन् ।

उनका अनुसार टाइमकार्ड, मापसे तथा लापसे जाँचलाई प्रभावकारी बनाउँदा दुर्घटना न्यूनीकरणमा सकारात्मक परिणाम देखिएको थियो ।

तर, अहिले चाडपर्वका बेला ट्राफिक जाँच भइरहेको भनिए पनि सवारीको वास्तविक यात्रु क्षमता, चालकको अवस्था र लामो दूरीको यात्रामा अपनाउनुपर्ने सुरक्षा मापदण्डको प्रभावकारी अनुगमन भइरहेको छ कि छैन भन्ने प्रश्न अनुत्तरित छ । विगतमा प्रभावकारी मानिएको प्रणाली अहिले किन निरन्तरता पाउन सकेन ? लागू गरिएका सुरक्षा उपायलाई संस्थागत र नियमित बनाउन किन सकिएन ?

टाइमकार्डले सवारीको गति र यात्राको समय व्यवस्थापनमा सहयोग गर्न सक्छ । तर, त्यससँगै यात्रु क्षमताको अनुगमन, चालकको आराम, सवारीको यान्त्रिक अवस्था र यात्रु विवरणको अभिलेख पनि अनिवार्य हुनुपर्छ । **बाँकी पृष्ठ ३ ▸▸**

आजको राशिफल

मेष : दिन सामान्य छ । सबै कुरा छोडेर परिवारको काममा केन्द्रित हुनु राम्रो हुन्छ । शिक्षामा भने प्रगति हुनेछ ।

बृष : दिन राम्रो छ । साथीको सहयोगले तपाईंको काम बन्नेछ । सामाजिक सेवामा ध्यान दिएमा मन शान्त बन्नेछ ।

मिथुन : नियमित कामबाट मन अशान्त बन्नेछ । व्यवहारिक पक्षमा सचेत बन्नु राम्रो हुनेछ । थौरै बोलेर धेरै काम गर्नुपर्ने समय छ ।

कर्कट : दिन सहज छ । परिवारसँगको सम्बन्ध सुमधुर बन्नेछ । प्रेममा सफलता मिल्ने छ ।

सिंह : हरेक क्षेत्रमा बाधा हुन सक्छ । स्वदेशी लगानी भन्दा विदेशको लगानीबाट मन शान्त बन्नेछ ।

कन्या : दिन राम्रो छ । प्रेम सम्बन्ध सुमधुर बन्नेछ । लगानी भए व्यापारमा नाफा हुनेछ ।

तुला : शिक्षाको क्षेत्रमा प्रगति हुने दिन छ । राजनीति संगठनमा सेवाको अवसर मिल्ने छ ।

वृश्चिक : दिन राम्रो छ । प्राविधिक शिक्षामा गरेको प्रयासबाट प्रगति हुनेछ । उच्च पदका साथीसँगको भेटले मन हलुका हुनेछ ।

धनु : स्वदेशमा भन्दा विदेशमा तपाईंको नाम र दाम रहने छ । साथीभाइसँग व्यवहार गर्दा सचेत बन्नुपर्नेछ ।

मकर : महत्त्वपूर्ण कामका लागि स्वास्थ्यले साथ दिनेछ । बिहानै पिपलको दर्शन गरेमा दिन सहज बन्नेछ ।

कुम्भ : शुभकार्यको थालनी हुँदा मनमा खुसी मिल्ने छ । परिवार र साथीभाइको साथ र सहयोग प्राप्त हुनेछ ।

मीन : दिन राम्रो छ । शिक्षामा प्रगति हुनेछ । गणेशको भजन सुन्न सकेमा दिन सहज बन्नेछ ।

राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।



ज्योतिष डा. बिबेक पाण्डेय
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

कानूनको नाममा हुने राजनीतिक प्रतिशोध, मनपरी गिरफ्तारी र व्यक्तिको मानमर्दन स्वीकार्य हुँदैन: महामन्त्री पौडेल

अपन दैनिक संवाददाता
जनकपुरधाम, कार्तिक २६ गते

नेपाली कांग्रेसका महामन्त्री प्रदीप पौडेलले मधेशका समस्या र आवश्यकतालाई सम्बोधन गर्ने गरी पार्टीको एजेण्डा तथा योजना निर्माण गर्नुपर्ने बताएका छन्।

बिहीबार जनकपुरमा आयोजित कार्यक्रममा बोल्दै उनले मधेशको आवश्यकता र समस्या यहाँकै नागरिकले बढी बुझ्ने भएकाले स्थानीयस्तरबाट आएका सुझाव, मुद्दा र एजेण्डालाई नेपाली कांग्रेसको केन्द्रीय योजनामा समेट्नुपर्ने बताए।

उनले पार्टीका कार्यक्रम र योजनाहरू जनताको वास्तविक आवश्यकतासँग जोडिनुपर्ने उल्लेख गर्दै मधेशका मुद्दालाई राष्ट्रिय राजनीतिको प्राथमिकतामा राख्नुपर्ने धारणा राखे।

महामन्त्री पौडेलले नेपाली कांग्रेसका सभापति गगनकुमार थापालाई सरकारले पक्राउ गर्नसक्ने भन्दै विधिको शासन र कानूनी प्रक्रियामाथि प्रश्न उठाए।

सरकारले कानून र विधिको शासन पालना नगरेको अवस्थामा आफूहरू पक्राउ पर्न सक्ने सम्भावनालाई अस्वीकार गर्न नसकिने उनको भनाइ छ।

सभापति गगनकुमार थापाबारे एक विचौलियाले दिएको भनिएको बयानमा समेत प्रश्न उठाउँदै उनले सम्बन्धित व्यक्तिले प्रहरीसमक्ष त्यस्तो बयान दिएको भए प्रहरीले त्यसबारे सार्वजनिक गरिसक्ने र सरकारले अदालतमा मुद्दा लैजान यति ढिलाइ नगर्ने तर्क गरे।

सरकारले कसैलाई कारबाही गर्ने नाममा विधि र कानुनविपरीत मानमर्दन गर्न नहुने भन्दै उहाँले कांग्रेस यस्ता गतिविधिबाट नडराउने बताए।

पक्राउ गरे पनि सरकारका गलत काम र विधि उल्लंघनविरूद्ध आवाज उठाउन नछाड्ने उनको भनाइ छ।

उनले भने, 'हाम्रो योजना र कार्यक्रम यस क्षेत्रका वास्तविक आवश्यकता, समस्या र जनताको अपेक्षासँग जोडिनुपर्छ। यस भूमिलाई नजिकबाट बुझ्ने स्थानीय साथीहरूले उठाएका मुद्दालाई समेटेर मधेशका समस्या र आवश्यकतालाई नेपाली कांग्रेसको केन्द्रिय एजेण्डा बनाउनुपर्छ। जहाँसम्म पार्टी सभापतिको पक्राउको विषय छ, हामी विधिको शासन र कानूनी प्रक्रियाको सम्मान गर्छौं। तर कानूनको नाममा हुने राजनीतिक प्रतिशोध, मनपरी गिरफ्तारी र व्यक्तिको मानमर्दन स्वीकार्य हुँदैन। कुनैपनि आरोपको निष्पक्ष छानबिन र कानूनी प्रक्रियाबाट निरूपण हुनुपर्छ। दुई तिहाइको बहुमत पाउँदैमा सरकारले जे गरे पनि हुन्छ भन्ने सोच लोकतन्त्रको मर्मविपरित छ। सरकारका गलत काम, अन्याय र विधिको उल्लंघनविरूद्ध बोल्नु प्रतिपक्षको जिम्मेवारी हो। पक्राउ र दबाबले नेपाली काँग्रेसको आवाज रोकिदैन। हामी कानुनी शासन, लोकतान्त्रिक मूल्य र जनताको अधिकारका पक्षमा निरन्तर बोलिरहनेछौं।'



दुई तिहाइको बहुमत प्राप्त गर्दैमा सरकारले जे गरे पनि हुन्छ भन्ने सोच राख्न नहुने उल्लेख गर्दै पौडेलले बहुमतका नाममा सरकारविरूद्ध बोल्नेहरूलाई डर र त्रास सिर्जना गर्ने प्रयास भइरहेको आरोप लगाए।

सरकारका गलत काम र गतिविधिबारे बोल्न कांग्रेस र पार्टी सभापति पछि नहटेको भन्दै उनले अहिले कांग्रेसमाथि भइरहेको व्यवहार पनि सरकारको यही प्रवृत्तिको परिणाम भएको टिप्पणी गरे।

खोलामा खाल्डो .....

तथा सशस्त्र प्रहरी बल नेपाल बीओपी बेल्ही सप्तरीको टोलीसमेत परिचालन गरी बरामद गरेको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार सातवटा पोकामा लुकाएर राखिएको उक्त पदार्थ प्लास्टिकको बोरा बाहेक तौल गर्दा २३१ किलो ८०० ग्राम रहेको छ।

लागूऔषध लुकाइएको स्थानमा कुनै पनि व्यक्ति फेला नपरेको र घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

बलान खोलाको दुर्गम तथा सुनसान क्षेत्रलाई लागूऔषध ओसारपसारमा प्रयोग गरिएको हुन सक्ने आशंकामा प्रहरीले निगरानी र अनुसन्धान अघि बढाएको छ।

मिथिला क्षेत्रमा छठ पर्व सुरू, घाटहरू .....

तथा प्रसाद तयार गर्दा चोखोनितो र शुद्धतालाई विशेष महत्त्व दिने परम्परा छ। ढिकी-जाँतोमा परम्परागत रूपमा कुटेर तथा पिसेर तयार गरिएको गहुँ र चामलको पिठोबाट बनाइने ठकुवा, भुसुवा, कसारलगायतका परिकार प्रसादका रूपमा चढाइन्छन्। त्यस्तै, उखुका लाँक्रा, मौसमी फलफूल र माटाका भाँडामा जमाइएको दहीसमेत अर्घ्यका सामग्रीका रूपमा प्रयोग गरिन्छन्।

मिथिला लोकसंस्कृतिको अभिन्न अङ्गका रूपमा स्थापित छठ पर्वको तयारीसँगै अहिले यस क्षेत्रका नदी, तलाउ, पोखरी तथा कुण्डका घाटहरू सिँगारिँदै छन्। घरघरमा पूजाका सामग्री तयार गर्ने, छठी गीत गाउने र घाट व्यवस्थापन गर्ने गतिविधिले मिथिला क्षेत्र छठमय बनेको छ।

सामाजिक सद्भाव, पारिवारिक सुख, समृद्धि तथा सन्तानको दीर्घायुको कामनासँग जोडिएको छठ पर्वमा जातीय तथा सामुदायिक भेदभावभन्दा माथि उठेर विभिन्न समुदायका मानिसको सहभागिता रहने गरेको छ।

पाँच ठाउँको जाँच पार गरेर कसरी चिसापानी पुग्यो क्षमताभन्दा बढी .....

चेकजाँच जरिवानाका लागि कि यात्रुको ज्यान जोगाउन ?

सडकमा ट्राफिक प्रहरीको उपस्थिति हुनु र वास्तविक रूपमा सडक सुरक्षा सुनिश्चित हुनु फरक विषय हुन्। सवारीसाधन रोकेर कागजात जाँच गर्नु, नियम उल्लंघनमा जरिवाना काट्नु र राजस्व संकलन गर्नु मात्रै ट्राफिक व्यवस्थापनको उद्देश्य हुन सक्दैन।

सवारीको स्वीकृत सिट संख्या, यात्रुको वास्तविक संख्या, चालकको स्वास्थ्य अवस्था, सवारीको प्राविधिक अवस्था र लामो दूरीको यात्रामा अपनाउनुपर्ने सुरक्षा मापदण्ड जाँच गर्नु पनि उत्तिकै आवश्यक छ।

चाडपर्वमा ट्राफिक प्रहरीको चेकजाँच बढाइएको दाबी गरिन्छ। तर, क्षमताभन्दा बढी यात्रु बोकेको भनिएको सवारी पाँचवटा जाँचस्थल पार गरेर पनि रोकिएन भने त्यस्तो चेकजाँचको औचित्य के रहन्छ ? चेकजाँचका नाममा सडकमा प्रहरी खटिनु मात्रै पर्याप्त हुन्छ कि त्यसले नियम उल्लंघन गर्ने सवारीलाई नियन्त्रणमा लिने परिणाम पनि दिनुपर्छ ?

अझ यात्रु सवार सवारीसाधनमा कति जना चढे, उनीहरूको गन्तव्य कहाँ हो र यात्रुका विवरण के हुन् भन्ने अभिलेख राख्ने व्यवस्था पनि प्रभावकारी हुन सकेको छैन। टिकट नदिने, टिकटमा यात्रुको विवरण नराख्ने र यात्रु संख्या यकिन नगर्ने प्रवृत्तिले दुर्घटना हुँदा उद्धार, पहिचान र अनुसन्धानमा समेत समस्या निम्त्याउँछ। त्यसैले यात्रु विवरणसहितको अनिवार्य चलान प्रणालीलाई प्रभावकारी बनाउन आवश्यक छ।

दुर्घटनाको कारण र जिम्मेवारी दुवैको छानबिन आवश्यक

दुर्घटनामा मृत्यु हुनेमा सवारी चालक सर्लाहीको कविलासी नगरपालिका-८ का ३० वर्षीय रविशंकर मण्डलसहित चक्रघट्टा गाउँपालिका-४ सुन्दरपुरका स्थानीय छन्।

चक्रघट्टा गाउँपालिका अध्यक्ष कृष्णकुमार यादवका अनुसार मृत्यु हुनेमा प्रमोद यादवका २६ वर्षीय छोरा गुडु यादव र उनकी २४ वर्षीया श्रीमती गायत्री देवी यादव, राम सुनर यादवका २५ वर्षीय छोरा विकेश यादव र १६ वर्षीय छोरा सुधेश यादव, अबेधश यादवकी श्रीमती पुनम यादव तथा उनका नातिनीहरू १० वर्षीया अनु यादव, ७ वर्षीया शिक्षा यादव र ६ वर्षीया दिपिका यादव छन्।

त्यसैगरी निरसु रायका ४० वर्षीय छोरा राकेश राय र १४ वर्षीय नाति रोहन राय, चन्देश्वर रायका २५ वर्षीय छोरा सुबोध राय, निरस रायका २५ वर्षीय छोरा राम दुलार राय तथा अमिरी रायका २५ वर्षीय छोरा राम प्रवेश रायको मृत्यु भएको छ।

दुर्घटनामा मुकेश राय, देवेन्द्र राय, बेचु भनेर चिनिने देवेन्द्र राय, मृतक गुडु यादवका पाँच वर्षीय छोरा सक्षम राय र तीन वर्षीय छोरा सुजन राय तथा अबधेश यादवका १६ महिने छोरा सुदिप यादव घाइते भएका छन्। उनीहरूको अस्पतालमा उपचार भइरहेको गाउँपालिका अध्यक्ष यादवले बताए।

दुर्घटनाको वास्तविक कारण पत्ता लगाउन सवारीको प्राविधिक अवस्था, ब्रेक प्रणाली, सडकको बनावट, गति, चालकको अवस्था र अन्य सम्भावित कारणको अनुसन्धान आवश्यक छ। तर, दुर्घटनाको कारण पत्ता लगाउनु मात्रै पर्याप्त हुँदैन। सवारीले नियमविपरीत यात्रु बोकेको थियो भने त्यसलाई बाटोमै रोक्नुपर्ने जिम्मेवारीमा रहेका निकायको भूमिकासमेत अनुसन्धानको विषय बन्नुपर्छ।

यसका लागि दुर्घटनाको समयमा सवारीमा कति यात्रु थिए भन्ने आधिकारिक विवरण, सवारीको स्वीकृत सिट संख्या, यात्रु चढेको स्थान, टिकट तथा चलानको अवस्था र बाटोमा भएका सुरक्षा जाँचका अभिलेख संकलन गर्नुपर्छ। त्यसपछि मात्र नियमनकारी निकायको कमजोरी थियो वा थिएन भन्ने निष्कर्षमा पुग्न सकिन्छ।

दुर्घटनापछि उद्धारमात्र होइन, दुर्घटनाअघि सुरक्षा चाहियो

भीमफेदी दुर्घटना एउटा सवारीसाधन सडकबाट खसेको घटनामा मात्र सीमित छैन। यसले सार्वजनिक यातायातको नियमन, ट्राफिक प्रहरीको कार्यशैली, यातायात व्यवसायीको जिम्मेवारी र सरकारी अनुगमन प्रणालीमा रहेको कमजोरीको समीक्षा गर्नुपर्ने अवस्था सिर्जना गरेको छ।

सवारी दुर्घटनापछि उद्धार, उपचार र राहतको व्यवस्था गर्नु राज्यको दायित्व हो। तर, नागरिकको ज्यान जोगाउने राज्यको सबैभन्दा महत्वपूर्ण जिम्मेवारी दुर्घटना हुने नदिनु हो। क्षमताभन्दा बढी यात्रु राख्ने, चालकलाई पर्याप्त आराम नदिने, सवारीको प्राविधिक अवस्था बेवास्ता गर्ने र सडक सुरक्षाका मापदण्ड उल्लंघन गर्ने प्रवृत्तिमाथि समयमै नियन्त्रण गर्न सके यस्ता दुर्घटनाबाट हुने मानवीय क्षति कम गर्न सकिन्छ।

त्यसैले सरकारले गठन गरेको छानबिन समितिले दुर्घटनाको प्राविधिक कारण मात्र होइन, नियमनकारी निकायको भूमिकासमेत निष्पक्ष रूपमा अनुसन्धान गर्नुपर्छ। कुन-कुन स्थानमा सवारी जाँच भयो, जाँचका क्रममा के हेरियो, यात्रु संख्या किन यकिन गरिएन र नियम उल्लंघन भएको भए कसको जिम्मेवारी थियो भन्ने कुरा सार्वजनिक गरिनुपर्छ।

साथै, विगतका छानबिन समितिले दिएका सुझावको कार्यान्वयन अवस्था सार्वजनिक गर्दै कार्यान्वयन नभएका सिफारिस तत्काल अघि बढाउनुपर्छ। ट्राफिक जाँचलाई जरिवाना र राजस्व संकलनमा सीमित नराखी यात्रुको जीवन सुरक्षासँग जोड्नुपर्छ।

छठ मनाउन घर फर्किएका एउटै गाउँका १४ जनाको मृत्यु दुर्घटनाको कारण पत्ता लगाउने विषयमा मात्र सीमित छैन। पाँच ठाउँमा सुरक्षा जाँच पार गरेर क्षमताभन्दा बढी यात्रु बोकेको सवारी कसरी गन्तव्यतर्फ अघि बढ्यो यसको पनि उचित जवाफ र फेरि गल्ती नदोहोरिने प्रतिवद्धता आवश्यक छ।

आखिर सडकमा यात्रुको ज्यान जोगाउने जिम्मेवारी कसको हो ? चालकको, यातायात व्यवसायीको, ट्राफिक प्रहरीको वा नियमनकारी सरकारी निकायको ? यी सबैको जिम्मेवारी स्पष्ट पार्ने र कमजोरी गर्नेलाई जवाफदेही बनाउने काम अब सरकारले गर्नुपर्छ। नत्र दुर्घटनापछि छानबिन समिति गठन गर्ने, प्रतिवेदन बुझ्ने र अर्को दुर्घटनाको प्रतीक्षा गर्ने सरकारी चक्रले निरन्तरता पाइरहनेछ।

छठको खुसी बाँड्न घर फर्किएका नागरिकको यात्रा मृत्युमा परिणत भएको यो घटनाले सडकमा प्रहरीको उपस्थिति देखिनु मात्र सुरक्षा होइन, नियमविपरीत चल्ने सवारीलाई गन्तव्यसम्म पुग्न नदिन सक्नु नै वास्तविक सुरक्षा हो भन्ने सन्देश पनि दिएको छ।



❍ ग्राहक बन्नु परेमा।
❍ नवीकरण गर्नु परेमा।
❍ ठेगाना परिवर्तन भएमा।
❍ पत्रिका नियमित नआएमा।

सिधा सम्पर्क
०३३-५२१२१४

बिहान १० बजे देखि ५ बजेसम्म

अपन दैनिक पत्रिका



माँ भगवत्ति बेकरी एण्ड स्वीट्स

सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल

फोन नं. ०३३-५२०७१४

यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्द, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।

मधेश प्रदेशका बालबालिकामा बहुआयामिक वञ्चितीकरणको समस्या



अपन दैनिक संवाददाता
जनकपुरधाम, कार्तिक २६ गते

मधेश प्रदेशका बालबालिकामा बहुआयामिक वञ्चितीकरणको समस्या देखिएको छ।

बहुआयामिक वञ्चितीकरण भन्नाले बालबालिकाको सर्वाङ्गीण विकासका लागि आवश्यक शिक्षा, स्वास्थ्य, स्वच्छ खानेपनी सरसफाइ, आवास र सूचनाको पहुँचजस्ता अधिकारबाट एकै साथ वञ्चित हुने अवस्थालाई बुझाउँछ।

राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रतिवेदनअनुसार प्रदेशका २१ दशमलब तीन प्रतिशत बालबालिका विभिन्न प्रकारका अभाव र वञ्चितीकरणबाट प्रभावित छन्।

बालबालिकाको स्वास्थ्य, पोषण, शिक्षा तथा समग्र विकासको अवस्थालाई विश्लेषण गर्दा मधेश प्रदेशको स्थिति चिन्ताजनक देखिएको हो।

विशेषगरी पाँच वर्षमुनिका वालबालिकामा कुपोषणको समस्या र साना बालबालिकाले पर्याप्त तथा विविधतायुक्त आहार नपाउने अवस्थाले शारीरिक तथा मानसिक विकासमा चुनौती थपेको छ।

मधेश प्रदेशमा पाँच वर्षमुनिका २६ दशमलव दुइ प्रतिशत बालबालिकामा पुड्कोपनको समस्या देखिएको छ। त्यस्तै, ६ देखि २३ महिनासम्मका ६० दशमलव सात प्रतिशत शिशु तथा बालबालिकाले उमेरअनुसार आवश्यक पर्ने पर्याप्त र विविधतायुक्त आहार पाउन सक्केका छैनन्।

बालबालिकाको उमेरअनुसार आवश्यक पोषणयुक्त खाना उपलब्ध नहुँदा उनीहरूको वृद्धि विकास प्रभावित हुने जोखिम रहन्छ।

बाल्यावस्थामा हुने पोषणको कमीले तत्कालीन स्वास्थ्यमा मात्र नभई भविष्यमा सिकाइ क्षमता, शारीरिक वृद्धि र सामाजिक अवसर प्राप्त गर्ने क्षमतासमेत प्रभावित गर्न सक्छ।

मधेश प्रदेश नीति तथा योजना आयोगका सदस्य नवल यादवले सम्भावनाले भरिपूर्ण प्रदेशमा बालबालिकाको अवस्था कमजोर रहनु चिन्ताको विषय भएको बताए।

उनले बालबालिकाको समग्र विकासका लागि शिक्षा, स्वास्थ्य, पोषण तथा आधारभूत सेवासम्बन्धी कार्यक्रमलाई प्राथमिकताका साथ अघि बढाउनुपर्नेमा जोड दिए।

बालबालिकाको वास्तविक आवश्यकता र समस्यालाई केन्द्रमा राखेर नीति निर्माण तथा कार्यक्रम कार्यान्वयन गर्नसके मात्र अपेक्षित सुधार ल्याउन सकिने उनको भनाइ छ।

राष्ट्रिय तथ्याङ्क कार्यालयका तथ्याङ्क अधिकारी ठुण्डीराज लामिछानेले बहुआयामिक वञ्चितीकरण न्यूनीकरणका लागि शिक्षा, स्वास्थ्य र खानेपानीमा पहुँच विस्तारसँगै डिजिटल साक्षरतामा समेत ध्यान दिनुपर्ने बताए।

उनका अनुसार बालबालिकाको जीवनस्तर सुधार गर्न आधारभूत सेवाको उपलब्धता र पहुँच सुनिश्चित गर्नु आवश्यक छ। आर्थिक रूपमा विपन्न परिवारका बालबालिका तथा कम शैक्षिकस्तर भएका आमाका सन्तान बहुआयामिक वञ्चितीकरणको बढी जोखिममा रहने गरेको देखिएको छ।

परिवारको आर्थिक अवस्था, आमाको शैक्षिक स्तर र आधारभूत सेवाको उपलब्धताले बालबालिकाको स्वास्थ्य, पोषण तथा शैक्षिक अवसरमा प्रत्यक्ष प्रभाव पार्ने गरेको छ।

गरिबी, पोषणयुक्त खानाको अभाव, स्वास्थ्य सेवामा सीमित पहुँच र शिक्षाको कमजोर अवस्थाले बालबालिकाको बिकासमा समस्या सिर्जना गर्ने गरेका छन्।

बालबालिकाको अवस्था सुधारका लागि तथ्याङ्कमा आधारित योजना निर्माण, पोषण तथा स्वास्थ्य सेवाको विस्तार, गुणस्तरीय शिक्षामा पहुँच र सुरक्षित खानेपानीको व्यवस्था महत्त्वपूर्ण पक्ष हुन्। बालबालिकाको पोषण, स्वास्थ्य, शिक्षा र संरक्षणलाई प्राथमिकतामा राखेर लगानी गर्नुपर्ने आवश्यकता तथ्याङ्कले औंल्याएको छ।

उनीहरुको वञ्चितीकरण घटाउन समयमै प्रभावकारी कदम चाल्न नसके यसको असर आगामी पुस्ताको स्वास्थ्य, शिक्षा र समग्र मानव विकासमा समेत पर्ने देखिन्छ।

राष्ट्रिय तथ्याङ्क कार्यालय (एनओसी) र युनिसेफ नेपालले सन् २०२६ सेप्टेम्बरमा सार्वजनिक गरेको प्रतिवेदनअनुसार नेपालको २१ दशमलव चार प्रतिशत बालबालिका बहुआयामिक वञ्चितीकरणमा रहेको देखाएको छ।

पर्साको कालिकामाई गाउँपालिकाको कार्यालयमा अज्ञात समूहद्वारा आगजनी



अपन दैनिक संवाददाता
वीरगन्ज, कार्तिक २६ गते

पर्साको कालिकामाई गाउँपालिकाको कार्यालयमा अज्ञात समूहले आगजनी गरेको छ। वडा नम्बर ३ हरिहरपुरवीर्तामा अवस्थित गाँउपालिकाको कार्यालयमा बुधबाररात अज्ञात समूहले आगजनी गरेको हो।

बुधबार राति पर्खाल नाघेर कार्यालय परिसरमा छिरेको समूहले कार्यालयको गेटको ताल्चा खोलेर भित्र प्रवेश गरी स्वास्थ्य, रोजगार लगायतका शाखामा आगजनी गरेको हो।

आगजनीबाट ती सबै शाखामा रहेका कुर्सी, टेबललगायतका फर्निचर,एसी, कम्प्युटर, कागजपत्र लगायतका सामानहरू जलेर नष्ट भएको इलाका प्रहरी कार्यालय पोखरियका प्रहरी निरीक्षक भानुभक्त अर्यालले जानकारी दिए।

बिहीबार बिहान गाँउपालिकामा कार्यरत जेसबी चालक कार्यालय परसिरको मुख्य गेटको ताल्चा खोलेर प्रवेश गर्दा कार्यालयमा आगजनी गरिएको देखेका थिए। त्यसपछि उनले गाउँपालिकाका अध्यक्ष बशीष्ठ कलवारलाई खबर गरेका थिए। त्यसपछि प्रहरीलाई खबर गरिएको थियो।

इलाका प्रहरी कार्यालय पोखरियाबाट प्रहरी निरीक्षक अर्याल नेतृत्वको टोली आगजनी गरिएको कार्यालयमा पुगेको थियो।

आगजनी गरिएका शाखामा ढोकाको ताल्चा नै खोलेर प्रवेश गरी मोबिल छर्केर आगजनी गरेको अवस्था देखिएको प्रहरी निरीक्षक अर्यालले बताए। आगजनी कसले र किन गरेको बारेमा अहिलेसम्म केही खुल्न नसकेको र यसबारे अनुसन्धान भइरहेको प्रहरी निरीक्षक अर्यालले बताए।

यसैबीच आगजनी गरिएको खबर पाएर बिहीबार बिहान कार्यालयमा पुगेका गाउँपालिका अध्यक्ष कलवारलाई स्थानीयले घेराउ गर्दै दुर्व्यवहार गर्न खोजेपछि त्यहाँको अवस्था केहीबेर तनावग्रस्त बन्न पुगेको थियो। त्यसपछि प्रहरीले अध्यक्ष कलवारलाई आफ्नै गाडीमा राखेर त्यहाँबाट लिएर गएको थियो।

टिपरको ठक्करबाट स्कुटर चालकको मृत्यु



अपन दैनिक संवाददाता
जनकपुरधाम, कार्तिक २६ गते

जनकपुरधाम उपमहानगरपालिका-१३ स्थित पिडारीचोकमा बिहीबार टिपरको ठक्करबाट स्कुटर चालकको मृत्यु भएको छ।

पिडारीचोकबाट रत्नसागरतर्फ जाँदै गरेको मधेश प्रदेश ०२-०१० प ४०६९ नम्बरको स्कुटरलाई सोही दिशाबाट आउँदै गरेको मधेश प्रदेश ०३-००१ ख ७५०४ नम्बरको टिपरले ठक्कर दिएको हो। ठक्करबाट स्कुटर चालक महोत्तरीको मनरासिस्वा नगरपालिका-५ कटैयाका २० वर्षीय नवीन चौधरीको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायव उपरीक्षक ओमप्रकाश खनालले जानकारी दिए।

मृतकको शव परीक्षणका लागि जनकपुरधामस्थित प्रादेशिक अस्पतालमा राखिएको छ। दुर्घटनापछि प्रहरीले टिपर चालक महोत्तरीको भङ्गहा नगरपालिका-७ सितापुरका २२ वर्षीय सचिनकुमार सिंहलाई नियन्त्रणमा लिएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

मधेश प्रदेशसभाको बैठक शनिबार, मुख्यमन्त्रीलाई .....

एमालेका ४ मन्त्रीले गत २५ असोजमा सामूहिक राजीनामा दिँदै मुख्यमन्त्रीलाई दिएको समर्थन फिर्ता लिएका थिए। अर्को दल नेकपाका ४ मन्त्रीले यही २० कार्तिकमा राजीनामा दिँदै समर्थन फिर्ता लिएका थिए। कुनै दलले समर्थन फिर्ता लिए ३० दिनभित्र विश्वासको मत लिनुपर्ने संवैधानिक व्यवस्था छ। एमालेले समर्थन लिएको ३० दिन शनिबार पुग्दै छ। विश्वासको मत लिन नसके मुख्यमन्त्री यादव स्वत: पदमुक्त हुनेछन्। विश्वासको मत सुनिश्चित हुन नसके यादवले त्यसअघि नै राजीनामा दिएर नयाँ सरकार गठनको बाटो खोल्न पनि सक्छन्।

२ दलले समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री यादवले सरकार जोगाउन सक्रियता बढाएका छन्। एमाले र नेकपा भने जसपा नेपालको नेतृत्वमा सरकार गठनको कसरतमा छन्। १०७ सदस्यीय मधेश प्रदेशसभामा सरकार गठनका लागि कम्तीमा ५४ सांसदको समर्थन आवश्यक पर्छ। मधेश प्रदेशसभामा कांग्रेसका २२, एमालेका २३, जसपा नेपालका २७, नेकपाका १५ र जनमत पार्टीका १२ सदस्य छन्। संघीय समाजवादी पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीका १-१ सदस्य छन्।

छठ पर्वलाई लक्षित गर्दै धनुषामा सुरक्षा .....

जनकपुरधाममा तीव्र रूपमा भइरहेको छ। विभिन्न पोखरी, नदी किनार तथा छठ घाटहरूको सरसफाइ र व्यवस्थापन कार्य जारी छ। जिल्ला सुरक्षा समितिले एकीकृत जिल्ला सुरक्षा योजनाअन्तर्गत नेपाल प्रहरी र सशस्त्र प्रहरी बललाई संयुक्त रूपमा परिचालन गरी जिल्लाभर शान्ति सुरक्षाको व्यवस्था मिलाएको छ। साथै, छठ पूजा समितिहरूसँग निरन्तर समन्वय र छलफल भइरहेको छ। सम्पूर्ण श्रद्धालु भक्तजनलाई धार्मिक सहिष्णुता, सद्भाव, सामाजिक एकता र भाइचाराका साथ छठ पर्व शान्तिपूर्ण रूपमा मनाउन आग्रह गर्दछु। जनकपुरधाममा विशिष्ट तथा अति विशिष्ट व्यक्तित्वहरूको सम्भावित आगमनलाई मध्यनजर गर्दै सुरक्षा योजना तयार गरिएको छ। उहाँहरूको आगमन र सहभागिता निश्चित भएपछि थप व्यवस्थापन गरिनेछ। विशिष्ट व्यक्तिहरूको आगमनले सर्वसाधारण श्रद्धालु भक्तजनको पूजाआजा र दर्शनमा कुनै असर नपर्ने गरी आवश्यक व्यवस्था मिलाइनेछ।'

प्रमुख जिल्ला अधिकारी लुईटेलले विशिष्ट व्यक्तित्वहरूको आगमनका कारण सर्वसाधारण श्रद्धालुको नियमित पूजाआजामा कुनै असर नपर्ने स्पष्ट पारे। आम नागरिकले विगतलाई मनाउँदै आएको आस्था र परम्पराअनुसार छठ पूजा गर्न पाउने गरी व्यवस्थापन गरिने उनको भनाइ छ।



स्वदेशी वस्तुको प्रयोग गरौं ।

सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोगसम्बन्धी निर्देशिका, २०८१ मा-

- सार्वजनिक निकायले कुनै बस्तु वा सेवा खरिद गर्दा स्वदेशी बस्तु तथा सेवा खरिद गर्नुपर्ने।
- त्यस्तो बस्तु वा सेवा उत्पादन गर्ने उत्पादकले थोक तथा बिक्री मुल्य प्रकाशन गर्नुपर्ने।
- सार्वजनिक निकायमा कार्यरत कर्मचारी तथा पदाधिकारीले उपलब्ध भए सम्म स्वदेशी उद्योगबाट निर्मित पोसाक प्रयोग गर्नुपर्ने।
- सार्वजनिक निकायबाट आयोजना हुने कार्यक्रम, गोष्ठी र सेमिनारमा स्वदेशी वस्तुको प्रयोग गर्ने, ब्यवस्था छ।

स्वदेशी वस्तुको प्रयोगबाट स्वदेशी उद्योगको संरक्षण हुन्छ
उक्त व्यवस्थाको पालना गरौं र गराऔं !

सिरहा नगरपालिका
६ नं. वडा कार्यालय, बसबिट्टा
मधेश प्रदेश, सिरहा (नेपाल)

